# मुस्ताङ्ग जिल्लास्थित कोरला नाका भन्सार कार्यालयको नाममा जग्गा नाप नक्सा गर्ने सम्बन्धी समिति गठन आदेश, २०७५

नेपाल राजपत्रमा प्रकाशन मिति

२०७५।११।२०

मुस्ताङ्ग जिल्लास्थित कोरला नाकामा रहने भन्सार कार्यालयको नाममा जग्गा नाप नक्सा गर्न समिति गठन गरी सो समितिको काम, कर्तव्य र अधिकार समेतका सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "मुस्ताङ्ग जिल्लास्थित कोरला नाका भन्सार कार्यालयको नाममा जग्गा नाप नक्सा गर्ने सम्बन्धी समिति गठन आदेश, २०७५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित मुस्ताङ्ग जिल्लास्थित कोरला नाका भन्सार कार्यालयको नाममा जग्गा नाप नक्सा गर्ने सम्बन्धी समिति सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

३. समितिको गठन : मुस्ताङ्ग जिल्लास्थित कोरला नाका भन्सार कार्यालयको नाममा जग्गा नाप नक्सा गर्ने सम्बन्धी समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मुस्ताङ्ग - अध्यक्ष

(ख) प्रमुख, डिभिजन वन कार्यालय, मुस्ताङ्ग - सदस्य

(ग) मालपोत अधिकृत, मालपोत कार्यालय, मुस्ताङ्ग - सदस्य

(घ) अध्यक्ष, लोमान्थाङ गाउँपालिका, मुस्ताङ्ग - सदस्य

(ङ) प्रमुख, नापी कार्यालय, मुस्ताङ्ग -सदस्य-सचिव

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको कार्य क्षेत्रभित्र परेका जग्गा नाप नक्सा गरी दर्ता गर्नका लागि अनुसूची-१ बमोजिमको नापी टोली खटाउने,

(ख) खण्ड (क) बमोजिम खटिएको नापी टोलीले जग्गा नाप नक्सा गर्दा दफा ६ बमोजिमको कार्यविधि पूरा गरेको छ छैन यकिन गर्ने र कार्यविधि बमोजिमको प्रकृया नपुगेको भए सो पूरा गरी नाप नक्सा गर्ने गरी निर्देशन दिने ।

५. समितिको बैठक : (१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठक बस्नको लागि समितिको अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्य उपस्थित हुनु पर्नेछ ।

(३) समितिको बैठकमा समितिले आवश्यकता अनुसारका विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यविधि : जग्गा नाप नक्सा गरी दर्ता गर्नका लागि खटिएको नापी टोलीले देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ :-

नेपाल कानून आयोग

(क) समितिको कार्य क्षेत्रभित्र परेको जग्गा नाप नक्सा शुरु गरिने विषयको सात दिने सूचना सम्बन्धित गाउँपालिका र नाप गर्ने स्थानमा सबैले देख्ने गरी प्रकाशन गर्ने,

(ख) खण्ड (क) बमोजिमको सूचना प्रकाशित भएपछि सम्बन्धित गाउँपालिकाको प्रतिनिधि समेतको रोहवरमा जग्गाको साँध सिमाना यकिन गर्ने, नक्सा गर्ने, फिल्डबुक तथा प्लट रजिष्टर तयार गर्ने,

(ग) जग्गा नाप नक्साको काम समाप्त भएपछि दाबी उजूरीको लागि जग्गा (नाप जाँच) नियमावली, २०५८ को अनुसूची-२ बमोजिम सात दिने सूचना प्रकाशन गर्ने,

(घ) खण्ड (ग) बमोजिम प्रकाशित सूचनामा चित्त नबुझ्ने पक्षले जग्गा (नाप जाँच) नियमावली, २०५८ को अनुसूची-५ को ढाँचामा समिति समक्ष दिएको उजूरी दर्ता गरी सो उपर सात दिनभित्र आवश्यक निर्णय गर्ने,

(ङ) खण्ड (ग) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र कुनै दाबी उजूर नपरेमा वा दाबी उजूर परेकोमा खण्ड (घ) बमोजिमको निर्णय पश्चात् जग्गा (नाप जाँच) नियमावली, २०५८ को अनुसूची-३ बमोजिमको ढाँचामा क्षेत्रीय किताबमा दर्ता गर्ने ।

७. <u>समितिको कार्यालय</u> : समितिको कार्यालय नापी कार्यालय, मुस्ताङ्गमा रहनेछ ।

८. <u>समितिको कार्यक्षेत्र</u> : समितिको कार्य क्षेत्र मुस्ताङ्ग जिल्लाको लोमान्थाङ गाउँपालिकाको वडा नम्बर ४ हुनेछ ।

९. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : समितिलाई आवश्यक पर्ने कर्मचारी अनसूची-१ बमोजिम व्यवस्था गरी काम सम्पन्न गरिनेछ ।

नेपाल कानून आयोग

१०. पारिश्रमिक, भत्ता तथा बैठक भत्ता : (१) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित व्यक्तिहरुले प्रति बैठक एक हजार रुपैयाँका दरले बैठक भत्ता पाउनेछन् ।

(२) समितिमा काजमा खटिने कर्मचारीले शुरु तलब स्केलको पचास प्रतिशतले हुन आउने रकम बराबर थप भत्ता पाउनेछन् ।

तर ज्यालादारीमा नियुक्ति हुने कर्मचारीले यस दफा बमोजिमको थप भत्ता पाउने छैनन् ।

११. बजेट सम्बन्धी व्यवस्था : समितिको लागि आवश्यक पर्ने अनुसूची-२ बमोजिमको बजेट नेपाल सरकार, अर्थ मन्त्रालयले मन्त्रालय मार्फत समितिलाई उपलब्ध गराउनेछ ।

१२. निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथ : (१) समितिबाट तयार भएको निर्णय, माइन्यूट, नक्सा, फिल्डबुक र निर्णय मिसिल लगायत अन्य कागजात जिम्मा लिने, सम्बन्धित निकायमा बुझाउने र प्रमाणित गर्ने कार्य समितिको सदस्य-सचिवको हुनेछ ।

(२) समितिबाट नाप नक्सा गराई समितिको निर्णय अनुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा उपलब्ध गराउने काम मालपोत कार्यालय, मुस्ताङ्गले गर्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिबाट तयार भएको नक्सा र फिल्डबुक नापी कार्यालय मुस्ताङ्गमा, माइन्यूट, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय, मुस्ताङ्गमा र जिन्सी सामानहरु नापी कार्यालय, मुस्ताङ्गमा बुझाउनु पर्नेछ ।

१३. समितिको कार्य अवधि : समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले पैंतालीस दिनको हुनेछ ।

अनुसूची-१

(दफा ४ को खण्ड (क) र दफा ९ सँग सम्बन्धित)

कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | नापी अधिकृत/सर्भेक्षक | ३ | नापी कार्यालय मुस्ताङ्गले काजमा खटाउने |
| २ | सर्भेक्षक/अमिन | ३ | नापी कार्यालय मुस्ताङ्गले काजमा खटाउने |
| ३ | कार्यालय सहयोगी | २ | नापी कार्यालय मुस्ताङ्गले काजमा खटाउने |
| ४ | कार्यालय सहयोगी (जङ्गिदार) | १५ | ज्यालादारीमा भर्ना गरी खटाउने |
| | जम्मा | २३ | |

नेपाल कानून आयोग

अनुसूची -२

(दफा ११ सँग सम्बन्धित)

<u>समितिको लागि आवश्यक बजेट</u>

| क्र.सं. | खर्च शीर्षक | रकम | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|
| १ | २१११९ (भत्ता) | १,५०,०००/- | नाप नक्साको कार्यमा खटिने कर्मचारीहरुको लागि पचास प्रतिशत थप भत्ता र समय समयमा राख्नु पर्ने बैठकको लागि भत्ताका लागि | ३-ना.अ./सर्भेक्षक, ३-सर्भेक्षक/अमिन र २-का.स.को लागि (१.५ महिना) |
| २ | २२११२ (सञ्चार महशुल) | २०,०००/- | नापी टोलीका लागि टेलिफोन, इन्टरनेट, खर्च र चिठ्ठी, पार्सल, टिकट, कुरियर खर्चका लागि | |
| ३ | २२१२१ (घरभाडा) | ६०,०००/- | टोली स्थापना गरी नाप नक्साको सूचना प्रकाशनदेखि पूर्जा वितरण सम्म दुई महिनाको लागि | ३०,०००/- प्रति महिना |
| ४ | २२२११ इन्धन | ८०,०००/- | नाप नक्साको काममा प्रयोग गरिने सवारी साधनको लागि आवश्यक इन्धनका लागि | |
| ५ | २२३११ (कार्यालय सम्बन्धी खर्च) | ७५,०००/- | सूचना प्रकाशन खर्च, नापी टोलीको लागि आवश्यक पर्ने मसलन्द सामानहरुको खरिद, नक्सा श्रेस्ता आदिको छपाई खर्चका लागि | |

नेपाल कानून आयोग

| | | | | |
|---|---|---|---|---|
| ६ | २२६१० (अनुगमन मूल्याङ्कन र भ्रमण खर्च) | ५०,०००/- | नाप नक्सा कार्यक्रम कार्यान्वयनको सिलसिलामा हुने भ्रमण खर्च तथा सो अनुगमन तथा मूल्याङ्कन कार्यमा हुने खर्चका लागि | |
| ७ | २२७११ (विविध खर्च) | १,००,०००/- | सार्वजनिक छलफल, पूर्जा वितरण लगायतको कार्यमा हुने विविध खर्च, अतिथी सत्कार खर्च र हिमाली भेगमा नाप नक्सा गर्दा आवश्यक हुने टेन्ट निर्माण, पोशाक खरिदका लागि | |
| ८ | २९६११ (सार्वजनिक निर्माण) | ३,८०,०००/- | मोनुमेन्टेशनका लागि पिल्लर निर्माण गर्न र नियन्त्रण बिन्दु स्थापना तथा नाप नक्सा कार्यमा आवश्यक जञ्जिरदारहरुको ज्यालाको लागि | जञ्जिरदारको खर्चको विस्तृत विवरण |
| | **जम्मा** | ९,१५,०००/- (अक्षरेपी रु. नौ लाख पन्ध्र हजार मात्र) | | |

नेपाल कानून आयोग